नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
उदयपुर

फोन: ०३५-४२०८३८
इमेल: pmamp.piu.udayapur@gmail.
वेब: piuudayapur.pmamp.gov.np

प.सं. २०७८/०७९
च.नं.

सूचना नं. - ६

**न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्नका लागि सूचीकृत हुने सम्बन्धी सूचना ।**

(प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०६/२०)

नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७८/०५/२९ को निर्णयानुसार चालु आ.व. २०७८/०७९ को लागि मोटा र मध्यम धानको क्रमशः रु.२७५२/- र २९०२/- प्रति क्वीन्टल मूल्य निर्धारण भएको र आ.व. २०७८/०७९ मा कृषकहरुबाट उत्पादित धान न्युनतम समर्थन मूल्यमा खरिद गर्ने सहकारीलाई सञ्चालन खर्च उपलब्ध गराउने कार्यक्रम रहेकोले ईच्छुक सहकारी संस्थाहरुले "न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७" बमोजिम तपशीलमा उल्लेखित कागजातहरु सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र सूचीकृत हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील:

१. निवेदन (रु.१० को हुलाक टिकट टाँस गरेको)
२. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी (नवीकरण भएको हुनु पर्ने)
३. सहकारी संस्थाको शेयर पूँजी, कारोबार रकम, कार्य क्षेत्र, धान खरिद गर्न चाहेको स्थानीय तह (वार्ड खुलाउने), धानको परिमाण र किसिम, धान खरिदको लागि आवश्यक रकम र त्यसको श्रोत, धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण, संस्थाको जनशक्ति विवरण
४. न्युनतम समर्थन मट्ठल्यमा धान खरिदगर्ने सम्बन्धमा सूचीकृत हुनका लागि संस्थाको निर्णय प्रतिलिपी
५. सहकारी संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी
६. संस्थाको स्थायी लेखा नं. (PAN), आ.व. २०७७/०७८ को लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
७. स्थानीय तहको सिफारिस पत्र
८. संस्थाको बैङ्क खाता नं. (बैङ्कको चेकबुकको प्रतिलिपी)

थप जानकारीका लागि मोबाइल नं. ९७५३००३८३८ मा सम्पर्क राख्नु हुन ।

.......................
राम सोगारथ साह
बरिष्ठ कृषि अधिकृत